निर्णयहरूः

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा खजुरा गाउँपालिकामा नवनिर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरूलाई स्वागत गर्दै २०७९ बैशाख ३० गते भएको स्थानिय निर्वाचनमा विभिन्न माध्यमबाट सहयोग पुर्‍याउने निवर्तवान पदाधिकारीहरू, राजनैतिक दलहरू, सुरक्षा कर्मि टिमहरू, निर्वाचन आयोगका कर्मचारीहरू, गाउँपालिकाका कर्मचारीहरू र मतदान गरि निर्वाचित गराउनुहुने खजुरेली आमा बुवा दाजु भाई दिदि बहिनीहरू सबैलाई धन्यवाद व्यक्त गर्ने निर्णय भयो ।

निर्णय नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरण भई रहेकोमा सम्बन्धीत बैंकहरूको सहकार्यमा सम्बन्धीत वडाबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाउन सम्बन्धीत बैंकहरू संग समन्वय गरि अगाडि बढ्ने निर्णय भयो ।

निर्णय नं.३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा खजुरा गाउँपालिकामा रहेका जेष्ठ नागरिक, दिर्घरोगीहरूलाई सम्बन्धीत वडामै निशुल्क स्वास्थ्य जाँच १५।१५ दिनमा व्यवस्था मिलाउन स्वास्थ्य शाखालाई निर्देशन गरि कार्यान्वयन अगाडि बढाउने निर्णय भयो ।

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल गर्दा खजुरा गाउँपालिका भित्र भएका अभिवाहक विहिन वाल वालिकाहरूको तथ्याँक संकलन गरि अविभावकत्व लिने सम्बन्धी आवश्यक पहल कदमी अगाडि बढाउने निर्णय भयो ।

निर्णय नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा खजुरा गाउँपालिकाको योजना अनुगमन निर्देशिका तयार गरि आगामी कार्यपालिकाको बैठकमा स्विकृतीका लागि पेश गर्ने निर्णय भयो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा खजुरा गाउँपालिकाले विगत देखि एन.आई.सि बैंक (निजी) संग आर्थिक कारोबार हुँदै आएकोमा अब देखि नेपाल सरकारको स्वामित्वमा भएको बैंक संग आर्थिक कारोबारका लागि महालेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरि पठाउने निर्णय भयो ।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा आ.व ०७९।०८० को बजेट तयार गर्न सम्बन्धीत वडाहरूलाई वस्ती स्तरबाट योजना छनौट गरि वडा समिति मार्फत प्राथमिकीकरण गरि बजेट तर्जुमा समितिमा मिति २०७९।२।२० गते सम्ममा पठाउने निर्णय भयो ।

निर्णय नं.८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा खजुरा गाउँपालिकाको फोहर व्यवस्थापनका लागि जग्गा व्यवस्थापन गर्न वडा नं.२ का वडा अध्यक्ष धनराम ओली क्षेत्रीको संयोजकत्वमा तपसिलका सदस्यहरू रहने गरि जग्गा व्यवस्थापन समिति गठन गरियो ।

तपसिल

| | |
|---|---|
| सदस्य श्री गरिवे शेष | वडा अध्यक्ष वडा नं. ५ |
| सदस्य श्री फारूक शेष | वडा अध्यक्ष वडा नं.६ |
| सदस्य श्री रामगोपाल यादव | वडा अध्यक्ष वडा नं.७ |
| सदस्य श्री फिरोज खाँ | वडा अध्यक्ष वडा नं.८ |
| सदस्य सचिव श्री बम बहादुर के.सी. प्रमुख प्रशासकिय अधिकृत | |

निर्णय नं.९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा खजुरा गाउँपालिकाको प्रवक्ताका लागि वडा नं.२ का वडा अध्यक्ष श्री धनराम ओली क्षेत्रीलाई तोक्ने निर्णय भयो ।

Scanned with CamScanner